# नेपाल गजेट

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

खण्ड १० ] काठमाडौं, कार्तिक २२ गते २०१७ साल [ संख्या २८

**श्री ५ को सरकार**

**उद्योग तथा वाणिज्य मन्त्रालय**

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिम प्राइभेट फर्म रजिष्ट्रेशन दस्तूर नियम (प्रथम संशोधन) २०१७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

प्राइभेट फर्म रजिष्ट्रेशन दस्तूर नियम, २०१५ (यस पछि मूल नियम भनिएको) मा संशोधन गर्न आवश्यक देखिएकोले श्री ५ को सरकारले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी देहायका नियमहरू बनाएको छ :—

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम प्राइभेट फर्म रजिष्ट्रेशन दस्तूर नियम (प्रथम संशोधन) २०१७ रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन्।

२. मूल नियममा संशोधन :— (क) मूल नियमको नियम ३ को सट्टा निम्नलिखित नियम ३ राखिएको छ। :–

३. दरखास्त दिनु पर्नेः– कुनै प्राइभेट फर्म रजिष्ट्रेशन गराउन चाहने व्यक्तिले अनुसूची १ भरी रजिष्टर गराउनु पर्ने फर्म वाणिज्य सम्बन्धित भए श्री डाइरेक्टर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कम– कन्ट्रोलर वाणिज्य विभागमा र उद्योग सम्बन्धी भए श्री डाइरेक्टर उद्योग विभागमा दरखास्त दिनु पर्छ ।

(ख) मूल नियमको नियम ६ लाई नियम ७ गरी निम्न लिखित नियम ६ राखिएको छ ।

६. विवरणमा हेरफेर गर्नु परे सूचना दिने :–

प्राइभेट फर्म रजिष्टर गराउने व्यक्तिले आफूले दिइराखेको विवरणमा हेरफेर गर्नु परे सम्बन्धित अधिकारी कहां ३० दिन अगावै सो कुराको सूचना दिनु पर्दछ ।

आज्ञाले–
विश्वशंकर शुक्ल
श्री ५ को सरकारका सचिव
उद्योग तथा वाणिज्य मन्त्रालय.

मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।